बैठक संख्या :- ३१
मिति: २०७९/०७/१० गते
समय :-
स्थान :- पुधा उत्तरगङ्गा गा०पा० ०३ सुनदह

आज मिति २०७९ साल कार्तिक महिनाको १० गते शनिवार दिन को बजे पछि पुधा उत्तरगङ्गा गाँउ कार्यपालिका अध्यक्ष एवम् गाँउपालिका का अध्यक्ष श्री पुनिराज घर्ति ज्युको अध्यक्षतामा पुधा उत्तरगङ्गा गाँउ कार्यपालिकाको ३१ औं बैठक बसी तपशिलका उपस्थितिमा देहाय बमोजिम का निर्णयहरू गरीयो ।

तपसिल

| | | |
|---|---|---|
| श्री पुनिराज घर्ति | कार्यपालिका अध्यक्ष | |
| श्री निरमान कामी | १ नं. वडा अध्यक्ष | |
| श्री नम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष | |
| श्री सुर बहादुर वि.क. | ४ नं. वडा अध्यक्ष | |
| श्री टिकामाई घर्ति मगर | ५ नं. वडा अध्यक्ष | |
| श्री शंखे सेन | ६ नं. वडा अध्यक्ष | |
| श्री चित्र बहादुर बुढा | ७ नं. वडा अध्यक्ष | |
| श्री पुर्ण मल्ल शाही | ८ नं. वडा अध्यक्ष | |
| श्री हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष | |
| श्री भरत बुढा | १० नं. वडा अध्यक्ष | |
| श्री कुमार सिंह | ११ नं. वडा अध्यक्ष | |
| श्री दिलमान पुन | १२ नं. वडा अध्यक्ष | |
| श्री शिविचन थापाली | १३ नं. वडा अध्यक्ष | |
| श्री दुर्गेश बुढा मगर | १४ नं. वडा अध्यक्ष | |
| श्री जोर कुमारी बुढा | कार्यपालिका सदस्य | |
| श्री मल्ती पुन | कार्यपालिका सदस्य | |
| श्री राजकुमार सुनार | कार्यपालिका सदस्य | |
| श्री आउली बुढा | २ नं. वडा का. अध्यक्ष | |
| श्री ध्रुव वि.क. | सदस्य सचिव | |

३१ औं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरू :

१, सुनदह व्यवस्थापन तथा संरक्षण कार्यविधि, २०७९ अनुमोदन सम्बन्धमा ।
२, सुनदह पर्यटन प्रवर्द्धन तथा आन्तरीक आय वृद्धि मापदण्ड २०७९ अनुमोदन सम्बन्धमा ।
३, पुधा उत्तरगङ्गा गाउँपालिका बहुमुल्य जडिबुटी संरक्षण तथा व्यवस्थापन प्रतिवेदन, २०७९ अनुमोदन सम्बन्धमा ।

४, पुथा उत्तरगङ्गा गाउँपालिका स्थानिय मदिरा व्यवस्थापन तथा प्रवर्द्धन, वाह्य मदिरा नियन्त्रण कार्यविधि, २०८१ अनुमोदन सम्बन्धमा ।
५, विद्यालयहरुको स्थलगत अनुगमन सम्बन्धमा ।
६, बेकजु फुर्चौरि सम्बन्धमा ।
७, अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ उपर छलफल गर्दा सुनदहको प्राकृतिक सौन्दर्य लाई संरक्षण गर्दै दिर्घकालिन रुपमा पर्यटकिय गतिविधि प्रवर्द्धन गर्न, स्थानिय रोजगारी सृजना गर्न र वातावरणीय सन्तुलन कायम गर्ने उद्देश्यले नेपालको संविधान २०७२ को अनुसुचि ८, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ले स्थानिय सरकारलाई दिएको अधिकारको प्रयोग गरी सुनदह व्यवस्थापन तथा संरक्षण कार्यविधि, २०८१ अनुमोदन गरीयो।

निर्णय नं. २ प्रस्ताव नं. २मा, छलफल गर्दा सुनदह क्षेत्रको संरक्षण, व्यवस्थापन र पर्यटकिय प्रवर्द्धनलाई सुनिश्चित गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक समृद्धिमा योगदान पुर्याउने उद्देश्यका साथ नेपालको संविधान २०७२ को अनुसुचि ८ले स्थानिय सरकारलाई दिएको अधिकारको प्रयोग गरी सुनदह पर्यटन प्रवर्द्धन तथा आन्तरीक आय वृद्धि मापदण्ड, २०८१ अनुमोदन गरीयो।

निर्णय नं. ३ प्रस्ताव नं. ३ उपर छलफल गर्दा पुथा उत्तरगङ्गा गाउँपालिका क्षेत्रमा पाइने वहुमुल्य जडिबुटीहरुको अध्ययन, संरक्षण र दिगो व्यवस्थापन गरी आन्तरीक राजश्व वृद्धि गर्न र स्थानिय रोजगारी सृजना गर्ने उद्देश्यका साथ पुथा उत्तरगङ्गा गाउँपालिका वहुमुल्य जडीबुटी संरक्षण तथा व्यवस्थापन प्रतिवेदन, २०८१ अनुमोदन गरीयो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ उपर छलफल गर्दा पुथा उत्तरगङ्गा गाउँपालिका क्षेत्रमा स्थानिय मदिरा उत्पादन र बिक्रिलाई व्यवस्थित गर्न, गुणस्तरिय बनाउने, वाह्य मदिरा नियन्त्रण गर्ने स्थानिय उद्योगको प्रवर्द्धन गर्दै रोजगारीको सृजना गरी आन्तरीक राजश्व वृद्धि गर्ने उद्देश्यले नेपालको संविधान २०७२, स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले स्थानिय सरकारलाई आर्थिक क्रियाकलापको नियन्त्रण र व्यवस्थापन गर्ने दिएको अधिकारको प्रयोग गरी पुथा उत्तरगङ्गा गाउँपालिका स्थानिय मदिरा व्यवस्थापन तथा प्रवर्द्धन, वाह्य मदिरा नियन्त्रण कार्यविधि, २०८१ अनुमोदन गरीयो।

आउसी मल्ती

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूको स्थलगत रूपमा अनुगमन गरी समग्र पक्षको अनुगमन प्रतिवेदन पौष मसान्त सम्म गाँउ शिक्षा समिति तथा गाँउ कार्यपालिकामा पेश गर्ने गरी तपसिल अनुसारको स्थलगत विद्यालय अनुगमन कार्यदल गठन गर्ने निर्णय गरीयो ।

तपसिल

१, टिकारसाई घर्ति मगर – संयोजक
२, द्रवेश बुढा मगर —— सदस्य
३, बम बहादुर बुढा —— सदस्य
४, दोखे सेन —— सदस्य
५, मल्ती पुन —— सदस्य
६, कृष्ण बहादुर विष्ट —— सदस्य
७, रामप्रसाद खड्का —— सदस्य - सचिव

निर्णय नं. ६ प्रस्ताव नं. ६ उपर छलफल गर्दा गाँउपालिकाको आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै सुशासन प्रवर्द्धन गर्न गाँउपालिकाको हाल सम्मको वेरूजु फर्छ्यौट गर्ने उद्देश्यका साथ वेरूजु फर्छ्यौट गर्नका लागी लेखा समितिलाई जिम्मेवारी दिने र आवश्यक परेको खण्डमा उपसमीति गठन गर्ने र मासिक रूपमा प्रगति प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्ने निर्णय गरीयो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ उपर छलफल गर्दा अघिल्लो गाँउ कार्यपालिकाको ३०औं बैठकको समिक्षा गरी कार्यान्वयन र प्रगतिको बारेमा छलफल गरीयो ।